# सुनिलस्मृति गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः ५ मितिः २०७७।०४।३१

## भाग-२

# प्राइभेट फर्म दर्ता कार्यविधि, २०७७

**प्रस्तावनाः**

गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने प्राइभेट फर्महरुको दर्ता, नवीकरण, नियमन र खारेजी सम्बन्धी व्यवस्थालाई प्रभावकारी ढंगले व्यवस्थापन गर्न सुनिलस्मृति गाउँपालिकाको मिति २०७७/०४/३१ को बैठकले यो कार्यविधि कार्यविधि बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "प्राइभेट फर्म दर्ता कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

(३) यो कार्यविधि सुनिलस्मृति गाउँपालिका भर लागु हुनेछ ।

२. **परिभाषाः**

(१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः

(क) "ऐन" भन्नाले ५ नं प्रदेश सरकारको प्राइभेट फर्म दर्ता ऐन, २०७६ सम्झनु पर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले सुनिलस्मृति गाउँपालिका सम्झनु पर्दछ ।

(ग) "नियमावली" भन्नाले ५ नं प्रदेश सरकारको प्राइभेट फर्म दर्ता नियमावली, २०७७ सम्झनु पर्दछ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सुनिलस्मृति गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(ङ) "प्राइभेट फर्म" भन्नाले निजी वा अन्य नामबाट कुनै एक व्यक्तिले उद्योग, व्यापार वा व्यवसाय गर्ने फर्म सम्झनु पर्छ ।

(च) "वडा कार्यालय" भन्नाले सुनिलस्मृति गाउँपालिकाको सबै वडा सम्झनुपर्दछ ।

३. **प्राइभेट फर्म दर्ता गर्न दरखास्त दिनुपर्नेः**

(१) प्राइभेट फर्म दर्ता गर्न चाहने व्यक्तिले सम्बन्धित निकायमा एकसय रुपैयाँ दरखास्त दस्तुर सहित

अनुसूची—१ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ ।

(२) प्राइभेट फर्म दर्ता गर्न चाहने व्यक्तिले आफ्नो फर्म दर्ता गर्न दरखास्त दिदा वडा कार्यालयको सिफारिस समेत संलग्न गरी निम्न बमोजिम कागजात पेश गर्नु पर्नेछ ।

क) फर्मको नाम,

ख) फर्मको ठेगाना, सम्पर्क नं. र इमेल ,

ग) फर्मको उद्देश्य

घ) फर्मको धनीको नाम, ठेगाना तथा बाबु, आमा र बाजे, बज्यैको नाम,

ङ) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

(३) उपदफा (२) बमोजिम कसैको दरखास्त परेपछि सम्बन्धित निकायले सात दिन भित्र तोकिए बमोजिम आवश्यक जाँचबुझ गरी फर्म दर्ता गर्न मनासिव देखेमा तोकिए बमोजिमको दर्ता कितावमा त्यस्तो फर्म दर्ता गरी तोकिएको ढाँचाको प्रमाणपत्र दरखास्तवालालाई दिनुपर्ने छ । दरखास्त जाँचबुझ गर्दा प्राइभेट फर्म दर्ता गर्न नसकिने भएमा सम्बन्धित निकायले सात दिन भित्र सो को कारण सहितको जानकारी सम्बन्धित दरखास्तवालालाई दिनुपर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि एउटै व्यक्तिको नाममा समान उद्देश्य भएको एक

भन्दा बढी वाणिज्य सम्बन्धी प्राइभेट फर्म दर्ता गरिने छैन,

(५) तर सोही उद्देश्यको लागि वाणिज्य सम्बन्धी प्राइभेट फर्मको शाखा खोली संचालन गर्न पाइनेछ ।

४. **फर्म दर्ता दस्तुरः**

(१) पाँचलाख रुपैयाँसम्म पूँजी भएको प्राइभेट फर्म दर्ता गर्दा एक हजार रुपैयाँ दर्ता दस्तुर लाग्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महिला, अपाङ्गता भएका व्यक्ति र दलित समुदायको व्यक्तिलाई उपदफा (१) मा उल्लिखित दस्तुरमा पचास प्रतिशत छुट हुनेछ ।

(३) अपाङ्गता भएका व्यक्ति र दलित समुदायको व्यक्तिले उपदफा (२) बमोजिमको सुविधाको लागि आधिकारिक निकायबाट जारी गरिएको अपाङ्गता भएका व्यक्ति र दलित समुदायको व्यक्ति पहिचान हुने प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।

५. **प्राइभेट फर्मको दर्ताः**

(१) दफा ३ बमोजिम प्राइभेट फर्म दर्ता गर्न दरखास्त परेपछि प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी प्राइभेट फर्म दर्ता गर्न मनासिव देखेमा अनुसूची—२ बमोजिमको दर्ता कितावमा दर्ता गरी वाणिज्य सम्बन्धी फर्म भए अनुसूची—३ बमोजिमको र उद्योग सम्बन्धी फर्म भए अनुसूची ४ बमोजिमको प्रमाणपत्र दरखास्तवालालाई दिनु पर्नेछ ।

(२) प्रमुख प्रशासकीय अधिकृतले निश्चित हदसम्म पूँजी भएको फर्म दर्ता गर्ने, नवीकरण गर्ने, अद्यावधिक गर्ने, खारेज गर्ने लगायतका अधिकार आफू मातहतको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

६. **प्राइभेट फर्मको अवधि र नवीकरणः**

(१) यस कार्यविधि वमोजिम दर्ता भएका प्राइभेट फर्मको अवधि पाँच आर्थिक वर्षको हुनेछ र सो अवधि भुक्तान भएपछि नवीकरण गर्दा तीन आर्थिक वर्षको लागि गरिनेछ ।

(२) प्राइभेट फर्म नवीकरण गराउन चाहने प्राइभेट फर्मको धनीले उपदफा (१) को अवधि समाप्त भएको मितिले छ महिना भित्र देहाय बमोजिमको कागजात संलग्न गरी सम्बन्धित निकायमा अनुसूची-५ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछः

(क) फर्म दर्ताको सक्कल प्रमाणपत्र,

(ख) आयकर (स्थायी लेखा नम्वर) दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) अघिल्लो आर्थिक वर्षको कर तिरेको प्रमाणपत्र

(३) उपदफा (२) बमोजिम दरखास्त प्राप्त भएमा सम्बन्धित निकायले दफा ४ को उपदफा (१) बमोजिम फर्म दर्ता गर्दा लाग्ने दस्तुरको वीस प्रतिशत दस्तुर लिई त्यस्तो प्राइभेट फर्म नवीकरण गरिदिनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम दरखास्त प्राप्त भएमा सम्बन्धित निकायले दफा ४ को उपदफा (१) बमोजिम फर्म दर्ता गर्दा लाग्ने दस्तुरको वीस प्रतिशत दस्तुर लिई त्यस्तो प्राइभेट फर्म नवीकरण गरिदिनु पर्नेछ ।

(५) उपदफा (२) बमोजिमको अवधि भित्र प्राइभेट फर्म नवीकरण गराउन नसकेको प्राइभेट फर्मको धनीले आफ्नो प्राइभेट फर्म समय भित्र नवीकरण गराउन नसकेको मनासिव कारण देखाई नवीकरणको लागि दरखास्त दिएमा त्यसरी दिएको दरखास्त जाँचबुझ गर्दा सो कारण मनासिव देखिए सम्बन्धित निकायले प्राइभेट फर्मको नवीकरण गराउने अवधि समाप्त भएको मितिबाट छ महिनासम्म दफा ४ को उपदफा (१) बमोजिमको दस्तुरको पचास प्रतिशत दस्तुर र सो समय भित्रपनि नवीकरण नगराएमा सो अवधि समाप्त भएको दिनदेखि एक वर्ष सम्म दफा ४ को उपदफा (१) बमोजिमको दस्तुर लिई त्यस्तो फर्मको नविकरण गर्न सकिनेछ ।

(६) उपदफा (४) बमोजिमको म्यादभित्र पनि कुनै प्राइभेट फर्म नवीकरण नगराएमा सम्बन्धित निकायले ऐनको दफा ११ बमोजिम फर्म खारेजीको कारवाही गर्नेछ ।

**७. दर्ता अद्याधिक र नवीकरणः**

(१) यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम दर्ता तथा नवीकरण भएको फर्मले दर्ता अद्यावधिक

गर्न ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र अनुसूची —६ बमोजिमको ढाँचामा सम्बन्धित निकाय समक्ष दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम अद्यावधिक गर्न दरखास्त परेमा सम्बन्धित निकायले त्यस्तो फर्मको दर्ता अद्यावधिक गरी प्रमाणपत्र दिनु पर्नेछ र दर्ता अद्यावधिक भएको फर्मको अवधि उक्त फर्म नवीकरण गर्नुपर्ने अवधि जति बाँकी छ सो अवधि नघट्ने गरी सो आर्थिक वर्षको अन्तिम दिन सम्म कायम रहनेछ ।

(३) ऐनको दफा ५ को उपदफा (२) आकर्षित हुने प्राइभेट फर्महरुको हकमा त्यस्ता प्राइभेट फर्मका धनीले एक पटकको लागि ऐन प्रारम्भ भएका मितिले एक वर्ष भित्र अनुसूची—७ बमोजिमको ढाँचामा फर्म नवीकरण गरी अद्यावधिक गर्नका लागि एकसय रुपैयाँ दरखास्त दस्तुर सहित सम्बन्धित निकाय समक्ष दरखास्त दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम नकिरणका लागि दरखास्त परेमा सम्बन्धित निकायले फर्म धनीसँग देहायको दस्तुर लिई त्यस्तो प्राइभेट फर्म नवीकरण गरिदिन सक्नेछः

(क) यो दफा प्रारम्भ हुनु अधि प्रचलित कानून बमोजिम प्रत्येक नवीकरण अवधिको लागि लाग्ने नवीकरण दस्तुरको तेब्बर र नवीकरण गराउन नसकेको वीसलाख सम्म पूँजी भएको

प्राइभेट फर्मको हकमा त्यस्ता प्राइभेट फर्मबाट प्रत्येक वर्षका लागि थप दुईहजार पाँचसय रुपैयाँ र

(ख) बीसलाख भन्दा बढी पूँजी भएको प्राइभेट फर्मबाट खण्ड (क) बमोजिमको नवीकरण दस्तुर र प्रत्येक वर्षका लागि थप पाँचहजार रुपैयाँ ।

(५) उपदफा (४) बमोजिम फर्म नवीकरण गरी दर्ता अद्यावधिकको प्रमाणपत्र दिनु पर्नेछ ।

(६) यस दफा बमोजिम अद्यावधिक भएका फर्मको अवधि समाप्त भएपछि दफा ६ को उपदफा (३) बमोजिमको दस्तुर लिई तीन आर्थिक वर्षका लागि नवीकरण गर्नु पर्नेछ ।

८. **अनुमति वा इजाजतपत्र लिनुपर्नेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यस ऐन बमोजिम दर्ता भएको कुनै फर्मले कुनै व्यवसाय सञ्चालन गर्न प्रचलित कानून बमोजिम कुनै अधिकारी वा निकायको अनुमतिपत्र वा इजाजतपत्र लिनुपर्ने रहेछ भने त्यस्तो अनुमतिपत्र वा इजाजतपत्र नलिई आफ्नो व्यवसाय शुरु गर्न सक्ने छैन र यस ऐन बमोजिम प्राइभेट फर्म दर्ता भएकै आधारमा त्यस्तो व्यवसाय सञ्चालन गर्न अनुमति प्राप्त गरेको मानिने छैन ।

९. **साईनवोर्ड राख्नु पर्नेः** प्राइभेट फर्म दर्ता भएपछि त्यस्तो फर्म धनीको नाम, फर्मको नाम, ठेगाना, दर्ता नं. र मिति

प्रस्ट उल्लेख भएको प्रचलित मापदण्ड बमोजिमको साईनवार्ड कारोवार स्थलमा राख्नु पर्नेछ ।

**१०. विवरण हेरफेर सम्बन्धी जानकारीः**

(१) कुनै प्राइभेट फर्मको धनीले आफ्नो प्राइभेट फर्म दर्ता गराउदा दिएको विवरण हेरफेर गर्न चाहेमा हेरफेर गर्नुपर्ने विरणहरु खुलाई सोको लिखित जानकारी सम्बन्धित निकायमा दिनु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम लिखित जानकारी प्राप्त भएपछि सो सम्बन्धमा जाँचबुझ गरी सम्बन्धित निकायले त्यस्तो विवरण हेरफेर गर्न पन्ध्र दिन भित्र स्वीकृति दिन सक्नेछ ।

(३) उपनियममा (२) बमोजिमको संशोधनको जानकारी सम्बन्धित निकायले सम्बन्धित आन्तरिक राजश्व कार्यालयलाई समेत दिनु पर्नेछ ।

**११. प्रतिलिपि लिन सकिनेः**

(१) यस कार्यविधि बमोजिम प्रदान गरिएको प्रमाण पत्र हराएमा, नष्ट भएमा वा अन्य कुनै कारणबाट काम नलाग्ने भएमा फर्मको धनीले फर्म दर्ता गरेको निकायमा प्रतिलिपि लिनका लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदनको व्यहोरा मनासिव देखिएमा दर्ता गरेको गाउँ कार्यपालिका कार्यालयले एक हजार रुपैयाँ प्रतिलिपि दस्तुर लिई निवेदकलाई प्रमाणपत्रको प्रतिलिपि उपलब्ध गराउनु पर्नेछ ।

**१२. विवरण उपलब्ध गराउनुपर्नेः**

(१) कुनै प्राइभेट फर्महरुको विवरण गाउँ कार्यपालिका कार्यालयले मागेमा त्यस्तो फर्मको धनीले सात दिन भित्र त्यस्तो विवरण उपलब्ध गराउनुपर्नेछ र कुनै कारणवस सो समयभित्र विवरण उपलब्ध गराउन नसकिने भएमा सोको जानकारी गाउँ कार्यपालिका कार्यालयलाई लिखित रुपमा गराई थप समय माग गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम समय थपको लागि माग गरेमा अवस्था हेरी विवरण माग गर्ने निकायले त्यस्तो विवरण पेश गर्न बढीमा पन्ध्र दिनसम्म समय थप गर्न सक्नेछ ।

**१३. खारेजीको लागि निवेदन दिनुपर्नेः**

(१) फर्म धनीले मनासिव कारण देखाई आफ्नो फर्म खारेज गर्न चाहेमा फर्म दर्ताको सक्कल प्रमाणपत्र सहित आफ्नो फर्म खारेजीको लागि गाउँ कार्यपालिकामा वडा समितिको सिफारिस समेत संलग्न गरी अनुसूची—८ बमोजिमको ढाँचामा निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम फर्म खारेजीको लागि निवेदन परेमा सम्बन्धित निकायले खारेज गर्नु अघि सम्मको सम्पूर्ण बाँकी वक्यौता, कर चुक्ता भएको प्रमाण पेश गर्न लगाई त्यस्तो प्राइभेट फर्मले तिर्न बुझाउन बाँकी रहेको कानून बमोजिम लाग्ने दस्तुर तथा जरिवाना समेत निजबाट असुल गरी प्राइभेट

फर्म खारेज गरी दर्ता किताबबाट लगत कट्टा गर्नु पर्नेछ ।

१४. **अनुगमन सम्बन्धी व्यवस्थाः** गाउँ कार्यपालिका कार्यालय तथा वडा कार्यालयले समय समयमा यस कार्यविधि बमोजिम दर्ता एवं सञ्चालन भएका प्राइभेट फर्मको अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछन् ।

१५. **अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेः** गाउँ कार्यपालिका कार्यालयले आवश्यकता अनुसार अनुसूचीमा आवश्यक हेरफेर वा थप घट गर्न सक्नेछ ।

१६. **कार्यविधिको व्यवस्था लागू हुनेः** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि यो कार्यविधि प्रारम्भ भएपछि प्राइभेट फर्मको दर्ता र नवीकरण दस्तुरका सम्बन्धमा यस कार्यविधिको व्यवस्था लागू हुनेछ ।

१७. **प्राइभेट फर्म खारेज गर्न सकिनेः**

१) देहायको अवस्थामा गाउँ कार्यपालिका कार्यालयले प्राइभेट फर्म खारेज गर्न सक्नेछः

(क) तोकिएको अवधिभित्र नवीकरण नगराएमा

(ख) फर्मको धनीले मनासिव कारण दर्साइ आफ्नो फर्म खारेज गरी पाउँ भनी सम्बन्धित निकायमा निवेदन दिएमा

(ग) दफा ४ को उपदफा ३ को विपरित हुने गरी कुनै कुरा ढाटी फर्म दर्ता गरिएको ठहरिएमा सम्बन्धीत निकायले माग गरेको दफा १० बमोजिमको विवरण तोकिएको अवधिभित्र पेश नगरिएमा,

(घ) उद्योग सम्बन्धि प्राइभेट फर्मले गाउँपालिकालाई सम्बन्धित निकायलाई जानकारी दिई वा नदिई उद्योग बन्द गरेमा,

(ङ) उद्योग सम्बन्धि फर्मले इजाजतको शर्त बमोजिम उद्योग स्थापना र सञ्चालन गर्नको लागि कारखाना निर्माण, मेसिनरी औजार वा उपकरण खरिद गरेको वा उद्योग सञ्चालनको लागि आवश्यक कार्य गरेको लिखित प्रगति विवरण गाउँपालिकामा पेश नगरेमा वा

(च) प्रचलित कानून तथा यस कार्यविधि विपरित हुने गरी अन्य कुनै कार्य गरेमा

२) उपदफा (१) खण्ड (क), (ग), (घ),(ङ), (च) वा (छ) बमोजिम सम्बन्धित निकायले फर्म खारेज गर्नु अघि सफाइको उचित अवसर दिनुपर्ने छ ।

३) उपदफा (१) बमोजिम सम्बन्धित निकायबाट फर्म खारेज भएमा त्यसरी खारेज भएको फर्मका धनीको नाममा १ वर्षसम्म सोही उद्देश्य भएको अर्को प्राइभेट फर्म दर्ता गरीने छैन ।

**१८. जरिवाना हुनेः**

१) यो कार्यविधि बमोजिम दर्ता नगराई खोलिएको फर्मको धनीलाई गाउँ कार्यपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतले ५०००।(पाँच हजार) देखि १००००। (दश हजार) रुपैयाँ सम्म जरीवाना गर्न सक्नेछ र सोही कसुर पुनः दोहोरीएमा

पटकै पिच्छे शुरुमा हुने जरिवानामा थप दश हजार रुपैयाँसम्म जरीवाना हुन सक्नेछ ।

२) दफा (४) बमोजिम दखास्त दिदा झुट्टा विवरण दाखिल गर्ने वा दफा (१०) को उपदफा २ बमोजिम विवरण पेश नगर्ने वा झुट्टा विवरण पेश नगर्ने फर्मका धनीलाई प्रमुख प्रशासकीय अधिकृतले प्रमुखले पन्ध्र हजार रुपैयाँदेखि पच्चीस हजारसम्म जरिमाना गर्न सकिनेछ ।

३) यो दफा बमोजिम गरेको जरिवानामा चित्त नबुझ्ने व्यक्तिले सो गरे भएको सूचना पाएको मितिले ३५ दिन भित्र सम्बन्धित निर्णय उपर अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

१९. **बचाउः** यो कार्यविधि प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम भए गरेका काम यसै बमोजिम भए गरेको मानिने छ ।

## अनुसूची –४
## (दफा ५ को उपदफा (१) सँग सम्बन्धित)
## उद्योग सम्बन्धी फर्म दर्ताको प्रमाण-पत्र

सुनिलस्मृति गाउँपालिका
गाउँ कार्यपालिका कार्यालय,
सुलिचौर, रोल्पा

प्राइभेट फर्म धनीको फोटो

**प्रमाण-पत्र**

देहाय बमोजिमको विवरण भएको .........................फर्म ..... ....................मा प्राइभेट फर्म दर्ता ऐन , २०७७ बमोजिम दर्ता गरी यो प्रमाण –पत्र दिइएको छ ।

प्राइभेट फर्म भनीको नाम/थरः

फर्म धनीको नागरिकता नं. ...................ठेगानाः

फर्मको ठेगानाःप्राइभेट फर्मको पूँजीः

प्राइभेट फर्मको उद्देश्यःविद्युत शक्ति (किलोवाट)ः

..........................
मिति

**नवीकरणको विवरण**

फर्मको नामः

| नवीकरण गरेको मिति | नवीकरण पछि वहाल रहने मिति | बुझाएको दस्तुर रु. | रसिद नं./भौचार नं. र मिति | नवीकरण गर्ने अधिकारीको सहि | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

## अनुसूची– ५
## दफा ६ को उपदफा (२) सँग सम्बन्धित
## प्राइभेट फर्म नवीकरण सम्बन्धी दरखास्त

मिति: २०७७/..../....

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
सुनिलस्मृति गाउँ कार्यपालिका कार्यालय,
सुलिचौर, रोल्पा ।

महोदय,

मेरो नाममा रहेको .................................................... नामको प्राइभेट फर्म दर्ता नं...............को नवीकरण गरी दिनुहुन अनुरोध गर्दछु । नवीकरणका लागि आवश्यक कागजातहरु यसै निवेदनसाथ संलग्न छ ।

निवेदकः
प्राइभेट फर्म धनीको
नामथरः .................
दस्तखतः .................
ठेगानाः .................

# अनुसूची –६
# दफा ७ को उपदफा (१) सँग सम्बन्धित
# प्राइभेट फर्म अद्यावधिक सम्बन्धि दरखास्त

मिति: २०७७/..../....

विषयः प्राइभेट फर्म अद्यावधिक गरी दिनुहुन ।

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
सुनिलस्मृति गाउँ कार्यपालिका कार्यालय,
सुलिचौर, रोल्पा ।

महोदय,

देहाय बमोजिमको विवरण भएको प्राइभेट फर्म मिति ................मा दर्ता भई पछिल्लो पटक मिति ..................... मा नवीकरण भएकाले अद्यावधिक गरी दिनुहुन अनुरोध गर्दछु ।

१. फर्मको नामः
२. फर्मको ठेगानाः
३. फर्मको उद्देश्यः
४. फर्मले कारोवार गर्ने वस्तु तथा सेवाको विवरणः
५. बाजे/बज्यैको नामथरः
६. बुवाको नामथरः
७. आमाको नामथरः
८. सम्पर्क नं:

लेखिएको व्यहोरामा कुनै कुरा झुठ्ठा ठहरे प्रचलित कानून बमोजिम सहँला बुझाउँला ।

निवेदकः
प्राइभेट फर्म धनीको
नामथर: ................
दस्तखतः ................
ठेगानाः ........................

# अनुसूची– ७
## (दफा७ को उपदफा (३) सँग सम्बन्धित)
## प्राइभेट फर्म नवीकरण र अद्यावधिक सम्बन्धी दरखास्त

मितिः २०७७/..../....

विषयः प्राइभेट फर्म नवीकरण र अद्यावधिक गरी दिनुहुन ।

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
सुनिलस्मृति गाउँ कार्यपालिका कार्यालय,
सुलिचौर, रोल्पा ।

देहाय बमोजिमको विवरण भएको प्राइभेट फर्म मिति ...................... मा दर्ता भएको र मिति .......................... मा नवीकरण गर्ने अवधि समाप्त भै नवीकरण हुन नसकेकाले नवीकरण गरी अद्यावधिक समेत गरी दिनुहुन अनुरोध गर्दछु ।

(क) फर्मको नामः
(ख) फर्मको ठेगानाः
(ग) फर्मको उद्देश्यः
(घ) फर्मले कारोवार गर्ने वस्तु तथा सेवाको विवरणः
(ङ) बाजे/बज्यैको नामथरः
(च) बुवाको नामथरः
(छ) बुवाको नामथरः
(ज) आमाको नामथरः
(झ) सम्पर्क नं:

लेखिएको व्यहोरामा कुनै कुरा झुट्ठा ठहरे प्रचलित कानून बमोजिम सहुँला वुझाउला ।

निवेदकः
प्राइभेट फर्म धनीको
नामथर ..........................
दस्तखतः ..................
ठेगानाः

# अनुसूची – ८
## (दफा– १३ को उपदफा (१) सँग सम्बन्धित)
## प्राइभेट फर्म खारेज सम्बन्धि निवेदन

विषय: प्राइभेट फर्म खारेज सम्बन्धी निवेदन

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
सुनिलस्मृति गाउँ कार्यपालिका कार्यालय,
सुलिचौर, रोल्पा ।

महोदय,
मेरो नाममा रहेको ..............दर्ता नं. .................भएको ..............................नामको प्राइभेट फर्म ........................................................................................ ........................................................................................ ..........................कारणले गर्दा अवदेखि सञ्चालन गर्न नसक्ने भएकोले दर्ता खारेज गरिदिनुहुन अनुरोध गर्दछु ।

निवेदक:
प्राइभेट फर्म धनीको
नामथर: ............................
ठेगाना: ............................
दस्तखत: ............................

आज्ञाले
(केशबराज पार्धे)
प्रमुख प्रशासकीय अधिकृत